# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


## (भौतिक पूर्वाधार तथा यातायात निर्देशनालय)

पत्र संख्याः २०७८/७९

मितिः २०७८।०७।१२

च.नं.: ११

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
थुलुङ दुधकोशी गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय ,
मुक्ली, सोलुखुम्बु ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७७।७८ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८/०६/१९ मा छलफल पश्चात् तयार गरिएको पाना ३६ ( छत्तीस ) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) अनुसार ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखाउत्तरदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(नारायण प्रसाद पराजुली)
निर्देशक

<u>बोधार्थ तथा कार्यार्थः</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं - प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
सल्लेरी, सोलुखुम्बु - प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सल्लेरी, सोलुखुम्बु - प्रतिवेदन संलग्न छ ।


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# आर्थिक कारोवारको स्थिति

| कार्यलय र स्थानः थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु । | नाम | | कार्यरत अविध | | बेरुज रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | कार्यालय प्रमुख | श्री अविलाल राइ | २०७७/४/१ | २०७७/७/२४ | ३४५८९२२२।- |
| आर्थिक वर्षः २०७७/०७८ | | श्री नवदिप राइ | २०७७/८/१९ | २०७८/३/३१ | |
| | लेखा प्रमुख | श्री कालि बहादुर रावत | २०७७/४/१ | २०७८/३/३१ | |

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस थुलुङ दुधकोशी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, १४४.६० वर्ग किलोमिटर क्षेत्रफल तथा १९ हजार ६७२ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष** - आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो अनुसारको विवरण प्राप्त हुन सकेन । सम्पूर्ण आर्थिक कारोवारको यथार्थ एवं विस्तृत विवरण नखुलाई पेश हुन आएको गाउँपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।

**आय तर्फ**

| सि.नं. | विवरण | | रकम |
|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | | १६४६५०४७.२० |
| | क) सञ्चित कोष | १४७०३४८६.९७ | |
| | ख) धरौटी | १७६१५६०.२३ | |
| | ग) विविध कोष | ०.०० | |
| | घ) प्रकोप व्यवस्थापन कोष | ०.०० | |
| | ङ) फिर्ता गर्न बाँकी अनुदान | | |
| २ | **राजश्व (आन्तरिक आय) राजश्व बाँडफाँड** | | ६४८५६३७९.७८ |
| | क) कर राजश्व | ४५०५३०५.२२ | |
| | ख) राजश्व वाँडफाँड | ५७९५४१३२.३१ | |
| | ग) प्रदेश सवारी कर | २३९६९४२.२५ | |
| ३ | **वित्तीय हस्तान्तरण (संघीय सरकार)** | | ३७८०७९३५०.०० |
| | क) समानीकरण अनुदान | १२५८००००.०० | |
| | ख) सशर्त अनुदान | २४४२७९३५.०० | |
| | ग) विशेष अनुदान | ०.०० | |
| | घ) समपुरक अनुदान | ८०००००००.०० | |
| ४ | **वित्तीय हस्तान्तरण (प्रदेश सरकार)** | | १७१४५०००.०० |
| | क) समानीकरण अनुदान | ७०४५०००.०० | |
| | ख) सशर्त अनुदान | १०००००.०० | |

**व्यय तथा मौज्दात तर्फ**

| सि.नं. | विवरण | | रकम |
|---|---|---|---|
| १ | **चालु खर्च** | | २९३०३३४३३ |
| | आन्तरिक | १२२४०३२१.६९ | |
| | राजश्व वाँडफाँड | ४४०५५३९६.९० | |
| | विशेष अनुदान | ०.०० | |
| | प्रदेश समानीकरण अनुदान | १४७७६१०.९० | |
| | समानीकरण अनुदान | २७२९४५४३.६० | |
| | सशर्त अनुदान | २०७९६५५५९.२० | |
| २ | **पुँजीगत खर्च** | | १४६०७५२७६.१६ |
| | आन्तरिक | ६१९०८१५.१८ | |
| | राजश्व वाँडफाँड | १०६९३००७.०० | |
| | विशेष अनुदान | ०.०० | |
| | प्रदेश समानीकरण अनुदान | ५३१६६४३.२० | |
| | समपुरक अनुदान | १७९०००००.०० | |
| | समानीकरण अनुदान | ७८०५५३२४.७८ | |
| | शसर्त अनुदान | २७९१९४८६.०० | |
| ३ | **वित्तीय व्यवस्था** | | ०.०० |
| | ऋण भुक्तानी | | |
| | व्याज भुक्तानी | ०.०० | |
| | अन्य भुक्तानी | ०.०० | |

| | | | |
|---|---|---|---|
| | ग) विशेष अनुदान | ०.०० | |
| | घ) समपुरक अनुदान | ८०००००००.०० | |
| ५ | **वित्तीय हस्तान्तरण (अन्तर स्थानीय तह)** | | ०.०० |
| ६ | **अन्तर सरकारी अख्तियारी** | | ७४७२६९३७.०० |
| | ३१४१०११३ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ०.०० | |
| | ३१४१०११४ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ०.०० | |
| | ३३६००१०२३ गरीवसँग विश्वेश्वर कार्यक्रम | ४४५०००.०० | |
| | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ६१४९४१३.०० | |
| | स्थानीय प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | ०.०० | |
| | सामाजिक सुरक्षा कार्यक्रम | ६८१३२५२४.०० | |
| ७ | **विभिन्न कोष तर्फको आय** | | २७३७९४२.०० |
| | धरौटी | १७३७९४२.०० | |
| | कर्मचारी कल्याण कोष | ०.०० | |
| | गरीवी निवारण कोष | ०.०० | |
| | प्रकोप व्यवस्थापन कोष | १००००००००.०० | |
| | **जम्मा** | | ५५४०१०६५५.९८ |

| | | | |
|---|---|---|---|
| ४ | **लगानी** | | ०.०० |
| | ऋण लगानी | ०.०० | |
| | शेयर लगानी | ०.०० | |
| ५ | **विभिन्न कोषको खर्च** | | ०.०० |
| | प्रकोप व्यवस्थापन कोष | ०.०० | |
| ६ | **धरौटी फिर्ता/सदरस्याहा** | | १३०६६२६.०० |
| | फिर्ता | १३०६६२६.०० | |
| ७ | **अन्तर सरकारी अख्तियारी** | | ६३२९०७२६.०० |
| | अन्तर सरकारी अख्तियारी | ६३२९०७२६.०० | |
| ८ | **मौज्दात** | | ३५८९७४९२.७३ |
| | क) सञ्चित कोष | ३३७०४६१६.५० | |
| | ख) धरौटी | २१९२८६७.२३ | |
| | ग) विविध कोष | ०.०० | |
| | १. कर्मचारी कोष | ०.०० | |
| | घ) फिर्ता गर्न बाँकी अनुदान | | १४४०७१०२.८० |
| | **जम्मा** | | ५५४०१०६५५.९८ |